# अतिरिक्त भाषा वा भाषिकाको रूपमा अंग्रेजी सिकिरहेका विद्यार्थीहरूका लागि लिखित रिपोर्ट

## अभिभावक तथा हेरचाहकर्ताका लागि जानकारी

आदरणीय अभिभावक तथा हेरचाहकर्ता

तपाईंले आफ्नो बच्चाको विद्यालयबाट हरेक वर्ष दुई वटा लिखित रपोर्ट प्राप्त गर्नुहुन्छ। ती रिपोर्टहरूले तपाईंको बच्चाले कसरी प्रगति गरिरहेको छ र उनीहरूको सिकाइमा तपाईंको विद्यालयले कसरी सहायता प्रदान गरिरहेको छ भन्ने बुझ्न मद्दत गर्नेछ। रिपोर्टले तपाईंको बच्चाको सबै विषयको प्रगतिलाई देखाउनेछ।

## अंग्रेजीलाई अतिरिक्त भाषा वा भाषिका (English as an additional language or dialect (EAL/D)) का रूपमा अध्ययन गर्ने सबै विद्यार्थीहरूका लागि रिपोर्ट

यदि तपाईंको बच्चाले अंग्रेजीलाई अतिरिक्त भाषा वा भाषिकाका रूपमा अध्ययन गरिरहेको छ भने यो रिपोर्टले तपाईंको बच्चाको अंग्रेजी भाषा सिकाइको प्रगति तथा उनीहरूको अंग्रेजी भाषा हालको प्रवीणताको चरणलाई देखाउनेछ। ती चरणहरू हुन् शुरूवाती, बढ्दो, विकासशील र एकिकृत। ती चरणहरूबारेको व्याख्याका लागि कृपया पछाडीको पृष्ठ हेर्नुहोला।

## EAL/D कार्यक्रमका विद्यार्थीहरूका लागि रिपोर्ट

यदि तपाईंको बच्चा EAL/D कार्यक्रममा छ भने उनीहरूले EAL/D शिक्षकबाट अतिरिक्त लिखित रिपोर्ट प्राप्त गर्नेछन् र साथै उनीहरूको अंग्रेजी भाषा सिकाइमा भएको प्रगतिबारेको जानकारी दिनेछन्।

## नयाँ आएका EAL/D विद्यार्थीहरूका लागि रिपोर्ट

यदि तपाईंको बच्चा EAL/D कार्यक्रममा हुनुहुन्छ र अष्ट्रेलियन विद्यालयमा पढेको चार वा कम सत्र भएको छ भने तपाईंको बच्चाको लिखित रिपोर्टमा उनीहरूको अंग्रेजी सिकाइको प्रगतिका साथसाथै अन्य विषयमा उनीहरूको प्रगतिबारेको जानकारी हुनेछ जुन स्तर (ग्रेड) को रूपमा नभई प्रतिकृयाको रूपमा दिइनेछ।

## गहन अंग्रेजी केन्द्र वा गहन अंग्रेजी हाईस्कुलहरूमा नयाँ आगमन भएका EAL/D विद्यार्थीहरूका लागि रिपोर्ट

यदि तपाईंको बच्चा गहन अंग्रेजी केन्द्र वा गहन अंग्रेजी हाईस्कुलहरूमा भर्ना भएको छ भने तपाईंले उनीहरूको अंग्रेजी सिकाइको प्रगतिबारेमा लिखित रिपोर्ट प्राप्त गर्नुहुनेछ। यसका अतिरिक्त रिपोर्टले हाईस्कुलको तयारीमा अध्ययन गरिएका सबै विषयहरूको प्रगतिलाई देखाउनेछ।

| अंग्रेजी भाषा प्रवीणता चरणहरू | |
|---|---|
| **शुरूवाती** (Beginning) | शुरूआती चरणमा विद्यार्थीहरूले अंग्रेजी सिक्न शुरू गर्छन्। अंग्रेजीबाहेक उनीहरूले एक वा बढी अन्य भाषाहरू बोल्न सक्छन् र उनीहरूको पहिलो भाषामा उमेरअनुसारको लिखित साक्षरता हुन सक्छ। ती विद्यार्थीहरू पाठ्यक्रमका साधारण भाषिक कार्यहरूमा संलग्न हुन शुरू गरिरहेका हुन्छन्। |
| **बढ्दो** (Emerging) | बढ्दो चरणका विद्यार्थीहरूसँग अंग्रेजीको ज्ञान वृद्धि भइरहेको हुन्छ। ती विद्यार्थीहरूले एक वा बढी भाषा बोल्न सक्छन् र उनीहरूसँग आधारभूत अंग्रेजीलगायत लिखित अंग्रेजीको बढ्दो ज्ञान हुन्छ। ती विद्यार्थीहरू कक्षाका कृयाकलापहरूमा भाग लिन सक्षम हुन्छन् र जब उपयुक्त भाषा शिक्षण उपलब्ध गराइन्छ उनीहरू सिकाइमा संलग्न हुन्छन् र कक्षाका गतिविधिहरू गर्नमा अतिरिक्त समयमा सहभागी हुन्छन्। |
| **विकासशील** (Developing) | विकासशील चरणका विद्यार्थीहरूले एक वा बढी भाषा बोल्न सक्छन् र व्यावहारिक अंग्रेजीलगायत लिखित अंग्रेजीमा उनीहरूको ज्ञान विकास भइरहेको हुन्छ। ती विद्यार्थीहरू कक्षा र विद्यालयका दिनचर्यामा सकृय सहभागी हुन् र बढ्दो सफलताका साथ सिकाइका कार्यहरूमा संलग्न हुन सक्षम हुन्छन्। उनीहरू अंग्रेजी व्याकरणको प्रयोगको विकास गरिरहेका हुन्छन् तथा शब्दावली बढाइरहेका हुन्छन् र यस्तो बेला उनीहरूको पहिलो भाषाले निरन्तर महत्वपूर्ण सहायता दिइरहेको हुन्छ। |
| **एकीकृत** (Consolidating) | विद्यार्थीहरूले एकीकृत चरणमा अंग्रेजीलगायत एक वा बढी भाषाहरू बोल्न सक्छन् र लिखित अंग्रेजीमा राम्रो ज्ञान राख्छन्। ती विद्यार्थीहरू कक्षा तथा विद्यालयको दिनचर्यामा स्वतन्त्ररूपमा सहभागी हुन्छन् र सामान्य सफलतासहित सिकाइमा संलग्न हुन अंग्रेजीको प्रयोग गर्ने बढ्दो क्षमता राख्छन्। उनीहरूले बिविध विशेष उद्देश्यका लागि  मौखिक तथा लिखित परिच्छेदहरू बुझ्छन् र बनाउन सक्छन्। तर विषयगत संकायहरूको शैक्षिक भाषाको वृद्धि हुदै जाने हुँदा उनीहरूलाई अझै पनि EAL/D शिक्षार्थीहरूलाई सहायता पुग्ने केन्द्रित भाषा शिक्षण तथा रणनीतिहरू चाहिन्छ। |

## टेलिफोन दोभाषे सेवा

यदि तपाईंलाई थप जानकारी चाहिन्छ भने कृपया विद्यालयलाई सम्पर्क राख्नुहोस्। यदि तपाईंलाई विद्यालयमा सम्पर्क गर्दा तपाईंलाई सघाउन दोभाषे चाहिन्छ भने कृपया टेलिफोन दोभाषे सेवा (TIS) लाई 131 450 मा फोन गर्नुहोस् अनि आफ्नो भाषाको दोभाषेलाई माग्नुहोस्। दोभाषेले विद्यालयलाई फोन गर्नेछ र वार्तालापमा सहायता गर्न फोनमै रहनेछ। यस सेवाका लागि तपाईंबाट कुनै शुल्क लिइँदैन।